बैठक संख्या - १६                                        मिति:२०६२।११।८
                                                                बिहान ८ बजे

आज मिति २०६२।११।०८ गते शुक्रबार धरान उपमहानगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत- धरान उपमहानगरपालिका

आमन्त्रित:-

श्री गणेशप्रसाद खतिवडा- वरिष्ठ प्रशासकिय अ.
श्री खगेन्द्रप्रसाद खतिवडा- ,, कर अ.
श्री सुरज श्रेष्ठ ,, ईन्जिनियर
श्री रमेश शाह ,, आन्तरीक लेखा परीक्षक
श्री भेषराज अधिकारी- ,, लेखा अधिकृत
श्री राजु पोखरेल- ईन्जिनियर
श्री- सुनील नेपाल- सामाजिक विकास अधिकृत

निर्णयहरु:

(१). धन्यवाद तथा सम्मान गर्ने सम्बन्धमा: मित्र राष्ट्र भारतको गुहाटी नगरमा हालै सम्पन्न १२ औं साग (SAG) मा फुटबल खेलमा नेपालले प्रथम स्थान हासिल गरेकोले सम्पुर्ण खेलाडीहरुलाई हार्दिक धन्यवाद दिँदै सो खेलमा धरान निवासी प्रमुख प्रशिक्षक राजुकाजी शाक्य र धरान उपमहानगर वार्ड नं २८ निवासी खेलाडी प्रकाश बुढाथोकीलाई सम्मान कार्यक्रम राखी सम्मान गर्ने निर्णय गरियो ।

(२) सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा: यस आ.व. २०६२।६३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम धरान २३ स्थित, छतिवन-चोकको पाँचकन्या सामुदायिक वनको प्राङ्गणमा दिनको ११ बजेबाट शुरु गरी ५ बजे सम्ममा यहि मिति २०६२।१२।०५ गते सम्पन्न गर्ने निर्णय गरियो।

आजको बोर्ड बैठक १०:०० बजे समापन गरियो माइन्युटकर्ता भविराज शर्मा